आज मिति २०७८।१।१० गते शुक्रवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसी तपसिलका प्रस्तावहरूमा छलफल गरी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

<u>उपस्थिति :</u>

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री रामबहादुर के सी | सदस्य |
| ९. श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११. श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. राजकुमार वली | रोजगार संयोजक |

**<u>प्रस्तावहरु</u>**

१. 'वडा कार्यालय र Animal dispensaryको भवनका लागि जग्गा प्रासी सम्बन्धमा
२. शसर्त बजेट खर्च तथा बजेट मिलान सम्बन्धमा
३. नवीकरणीय/वैकल्पिक उर्जा शीर्षकमा विनियोजित सशर्त अनुदान कार्यक्रम सञ्चालन सम्वन्धमा
४. अतिरिक्त समयमा कामकाज गर्ने सम्वन्धमा
५. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्वन्धमा
६. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति सम्वन्धमा
७. एम.आई.एस. अपरेटर र फिल्ड सहायकको तलब भत्ता साझेदारी सम्वन्धमा
८. नयाँ भेरिएन्ट सहितको कोभिड-१९ रोकथाम तथा व्यवस्थापन सम्वन्धमा
९. स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरुको जिम्मेवारी हेरफेर सम्वन्धमा
१०. पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको निर्णय अनुमोदन सम्वन्धमा
११. राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्वन्धमा

**निर्णयहरु :**

**निर्णय नं. १- प्रस्ताव नं.१** "वडा कार्यालय र Animal dispensaryको भवनका लागि जग्गा प्रासी सम्बन्धमा" छलफल गर्दा पूर्वमा ढारापिपल, पश्चिममा रातामाटा, उत्तरमा थुम्किसल्ली र दक्षिणमा हितानापाखा चार किल्ला भित्र दार्मा गाउँपालिका ३ नं. वडा कार्यालय भवन निर्माणको लागि ३ रोपनी र पशु सेवा शाखाको लागि Animal dispensary भवन संरचनाको लागि २ रोपनी ईच्छुक जग्गादाताबाट निशुल्क जग्गा प्रासिको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २- प्रस्ताव नं. २** "शसर्त बजेट खर्च तथा बजेट मिलान सम्बन्धमा " मा छलफल गर्दा संघीय सरकार तथा प्रदेश सरकारबाट आ.ब. २०७७/०७८ मा प्रास सशर्त अनुदानको योजना तथा कार्यक्रम सञ्चालन प्रकृयामा ढिलाई भएको हुँदा ठोस कार्ययोजना तयार गरी मिति २०७८ साल जेष्ठ मसान्तसम्म सम्पन्न गर्ने गरी सम्वन्धित शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३- प्रस्ताव नं. ३** " नवीकरणीय/वैकल्पिक उर्जा शीर्षकमा विनियोजित सशर्त अनुदान कार्यक्रम सञ्चालन सम्वन्धमा " मा छलफल गर्दा आ.व. २०७७/०७८ को लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रबाट यस पालिकामा प्रास तपसिल अनुसारका वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रमका योजनाहरु तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो । साथै वायोग्यास जडान कार्यक्रम प्राविधिक रुपमा सम्भावना नदेखिएकोले स्थानीय तहको लागि नविकरणीय/वैकल्पिक उर्जा शीर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शनको दफा ५ बमोजिम सुधारिएको चुलो (वायोमास) प्रविधि जडानमा खर्च गरिने ।

Shagun